
annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक ८५ पृष्ठ ८ | काठमाडौं, बुधबार ७ साउन २०८२ | श्रावण कृष्णपक्ष द्वादशी नेपाल संवत् ११४५ | WEDNESDAY, JULY 23, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## नारायणगढ-बुटवल सडक

# सास्ती उस्तै, तेस्रो म्याद गुज्रिँदै

**खुरुखुरु काम भएको भए तीन वर्षअघि नै नारायणगढ- बुटवल सडकको बनिसक्थ्यो । १ सय १४ किलोमिटर सडकमा फिलिली यात्रा गर्न पाइन्थ्यो । तर, तेस्रो पटक साउन ७ गतेसम्म पनि सडक पूरा नभई चौथो म्याद थपको पहल भइरहेको छ । पानी पर्दा हिलाम्य र घाम लाग्दा धुलाम्य हुने यो सडकमा यात्रुले अझै कति समय सास्ती भोग्नुपर्ने हो ? यसै भन्न कठिन छ ।**




समाचार पृष्ठ २

सुनिता कार्की | काठमाडौं
- को रिपोर्ट

## साउदीमा ९४ नेपाली कामदार अलपत्र

**विष्णु घिमिरे** | *साउदी अरब*

वैदेशिक रोजगारीको क्रममा साउदी अरबियाको जुबेल सहरमा पुगेका ९४ नेपाली कामदार अलपत्र परेका छन्। नेपालमा रहेको सेन्टल क्यापिटल सर्भिस मेनपावरमार्फत उनीहरू २०२३ नोभेम्बर-डिसेम्बरमा साउदी अरबियाको अब्दुला अमिर अल्सारण क्याटरिङ कम्पनीमा कामदारका रूपमा आएका थिए।

अलपत्र परेका कामदारमध्ये एक पीडित भन्छन्,‘ विगत ६ महिनादेखि हामीलाई काममा लगाएको छैन, केबल खान बस्न दिए तापनि बिनातलब बस्नुपर्दाको पीडा अलग्यै रहेको छ। साथै आफूहरूलाई सम्बन्धित कम्पनीले बिना काममा रुममा राखेको सम्बन्धित मेनपावरलाई जानकारी दिँदा मेनपावरले चाँडै नै समस्या समाधान र काम दिलाउने आश्वासन मात्रै दिने गरेको छ।’ विगत ६ महिनादेखि बिनातलबमा आफूहरू बस्नुपरेको उनले बताए।

नेपालबाट आउँदा सम्बन्धित म्यानपावरले कम्पनी सीधा भिसा भने तापनि साउदी अरब आएपछि उनीहरू सप्लायर कम्पनीमा परेको बताए। साथै नेपालमा १ हजार ३ सय रियल तलब तोक्नुको साथै आठ घण्टा ड्युटी रहेको बताए। तर, साउदी अरब आएपछि आठ घण्टा नभई दैनिक १० घण्टा गर्नु परेको उनले बताए।

मेनपावरले उनीहरूलाई साउदी आउँदा प्रतिव्यक्ति १ लाख ५० हजारदेखि ३ लाख नेपाली रुपैयाँसम्म लिएको बताए। पीडितहरू भन्छन्, ‘हाम्रो समस्या सम्बन्धित मेनपावर र सम्बन्धित कम्पनीले नसुनेलगत्तै नियम, कानुन पालना गर्दै समस्या समाधानका लागि साउदी लेबर कोटमा केस दर्ता गरेलगत्तै सम्बन्धित कम्पनीले हाल लिएको पासपोर्ट फिर्ता दिएको र सम्बन्धित कम्पनीले काम लगाउने आश्वासन दिँदै खाने, बस्ने व्यवस्था मात्र गरे तापनि हाल उनीहरूको साउदी अकामा आईडी कार्डको मिति सकिएलगत्तै आफूहरू अलपत्र परेको बताए।

हाल सो कम्पनीमा विभिन्न सहरमा गरी दुई सय जनाभन्दा बढी नेपाली रहेको बताए। सम्बन्धित कम्पनीले साउदीको जुबेल सहरमा विभिन्न ठाउँमा अलपत्र परेका नेपालीलाई विभिन्न तरिकाले बिनाकाम र बिनातलब राख्दै आएको बताए। पीडित भन्छन्- हाल अलपत्र परेका नेपालीहरूको विगत ११ महिनादेखि साउदी आईडी कार्डको मिति सकिएको र खाना, बस्नसमेत समस्या रहेको बताए। अलपत्र परेमध्ये नेपालीहरूको ५-६ महिना काम गरेको तलबसमेत नदिएको बताए।

# पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरण नगर्ने, राजनीतिमा नफर्काउने

### एमाले केन्द्रीय कमिटी

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सत्तासीन एमालेले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टी राजनीतिमा नफर्कन आग्रह गर्ने निर्णय गरेको छ। केन्द्रीय कमिटीको मंगलबार अबेर राति सम्पन्न बैठकले पदीय गरिमा अनुरूप पूर्वराष्ट्रपतिको हैसियतमा सल्लाहकार र अभिभावक बनेर बस्न आग्रह गर्ने निर्णय गरेको छ। पार्टी अध्यक्ष केपी शर्मा ओलीले पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरण गर्न नसकिने र राजनीतिमा फर्कन नदिने निर्णय सुनाएका थिए। ओलीले भने, ‘पूर्वराष्ट्रपति राजनीतिमा आउन हुँदैन, मिल्दैन।’

पार्टीको विधानको धारा ८ र ९ अनुसार नै पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरण गर्न नसकिने ओलीले बताए। अध्यक्ष ओलीले भण्डारीको सदस्यता नवीकरण नै त्रुटिपूर्ण रहेको बताए। उनले पार्टीको निर्णयबिना भण्डारीको सदस्यता नवीकरण हुन नसक्ने बताएका थिए।



यो निर्णयप्रति उपाध्यक्षद्वय युवराज ज्ञवाली र सुरेन्द्र पाण्डे तथा स्थायी समिति सदस्य कर्णबहादुर थापाले असहमति जनाएका थिए। अध्यक्ष ओलीले अहिलेको अवस्थामा पूर्वराष्ट्रपतिलाई पार्टीमा फर्काएर नेतृत्व दिन नसकिने स्पष्ट पारे। उनले पार्टीमा फर्काउने/नफर्काउने भन्ने विषयमा छलफलको आवश्यकता रहेको बताए। अहिलेको अवस्थामा उहाँलाई पार्टी अध्यक्ष बनाउन सकिँदैन तर उहाँलाई पार्टीमा फर्काउने/नफर्काउने भन्ने विषयमा भने छलफल आवश्यक छ, ओलीले भने। अध्यक्ष ओलीले पार्टीको विधानबाट उमेर हद हटाउने निर्णय आवश्यकताको आधारमा भएको बताए। उनले उमेर हटाउने विषयलाई सिद्धान्त नै परिवर्तन गरे जसरी हल्ला नगर्न पनि निर्देशन दिए। आवश्यकताका आधारमा अहिले उमेर हद हटाइएको हो। पार्टीको सिद्धान्त नै फेरे जसरी हल्ला गर्न आवश्यक छैन, ओलीले भने।

अध्यक्ष ओलीले केन्द्रीय समितिको बैठकमा समापन मन्तव्य राख्न सुरु गर्नुभन्दा पहिला स्थायी कमिटी सदस्य कर्णबहादुर थापाले बोल्न समय मागे। तर उनलाई अध्यक्षले बस्न निर्देशन दिए। थापाले ‘नोट अफ डिसेन्ट’ राख्न खोजेको बताए। तर अध्यक्ष ओलीले निर्णय नै नसुनाई के को ‘नोट अफ डिसेन्ट’ भन्दै बस्न निर्देशन दिए। ओलीले भने, ‘के को नोट अफ डिसेन्ट बस्नुस्।’ दुई दिनसम्म भएको बैठकले राष्ट्रपतिजस्तो राष्ट्रको अभिभावकीय पदमा पुगेको व्यक्ति पुन: सक्रिय राजनीतिमा फर्कन नहुने निष्कर्ष निकालेको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए।

» बाँकी पृष्ठ ६

## इजरायली सेनाले आफ्ना कर्मचारीमाथि आक्रमण गरेको डब्ल्यूएचओको दाबी

**काठमाडौं** : विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले इजरायली सेनाले सोमबार गाजा सहर देइर अल-बलाहमा आफ्ना कर्मचारीको आवास र मुख्य गोदाममा आक्रमण गरेको बताएको छ। डब्ल्यूएचओले हवाई आक्रमणका कारण आगलागी भएपछि कर्मचारी र उनीहरूका परिवारको ज्यान जोखिममा रहेको बताएको छ।

संगठनले आफ्ना पुरुष कर्मचारीहरूलाई बन्दुक देखाएर निर्वस्त्र पारेर सोधपुछ गरेको समेत आरोप लगाएको छ। डब्ल्यूएचओको यो आरोपमा अहिलेसम्म इजरायलबाट कुनै प्रतिक्रिया आएको छैन।

सोमबार, इजरायली ट्यांकहरू पहिलो पटक देइर अल-बलाह सहरको दक्षिणी र पूर्वी जिल्लाहरूमा प्रवेश गरेका थिए। यसअघि आइतबार, इजरायल रक्षा बल (आईडीएफ) ले देइर अल-बलाहमा बसोबास गरिरहेका मानिसलाई तत्काल छोड्न आदेश दिएको थियो।

# निर्यातमा रेकर्ड, ८१.८० प्रतिशतले वृद्धि

**ममता थापा** | *काठमाडौं*

आर्थिक वर्ष २०८०/०८१ मा मुलुकले १ खर्ब ५२ अर्ब ३८ करोड १२ लाख ४४ हजार रुपैयाँबराबरको सामान निर्यात गरेको थियो। २०८१/०८२ मा निर्यातको हिस्सा ह्वात्तै बढेर २ खर्ब ७७ अर्ब ३ करोड २ लाख २ हजार रुपैयाँ पुगेको छ। जुन, अघिल्लो आर्थिक वर्षभन्दा ८१.८० प्रतिशतले बढी हो। यसले अर्थतन्त्र चलायमान भएको र व्यापार घाटा कम गर्न सहयोग पुऱ्याएको विज्ञहरूले बताएका छन्। यद्यपि, निर्यातमा बाहिरबाट किनेर भारत पठाइएका सामानको हिस्सा धेरै छ। त्यसैकारण आन्तरिक उत्पादन बढाएर निर्यात नगरे दिगोपनमा समस्या आउने अर्थविद्हरू बताउँछन्।


हुन पनि, मुलुकले गत वर्ष १ खर्ब ४४ अर्ब रुपैयाँ हाराहारीको सूर्यमुखी तेल, पाम र भटमास तेलको कच्चापदार्थ भित्र्याएको थियो। सोही तेल प्रशोधन गरेर मुलुकले १ खर्ब २१ अर्ब रुपैयाँबराबरको निर्यात गरेको भन्सार विभागको तथ्यांक छ।

निर्यातको आकारमात्रै हेर्दा गत वर्ष निर्यातमा छलाङ मारेको देखिने बताउँछन्, व्यापारविज्ञ रवि सिंह सैंजू। अघिल्लो वर्ष व्यापार (आयात तथा निर्यात) अनुपात ९.५ प्रतिशत थियो। तर अहिले यस्तो अनुपात घटेर ६.५१ प्रतिशतमा झरेको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्वसहसचिव सैंजू ‘अंकमा हेर्दा निर्यात राम्रै देखिएको बताउँछन्।‘सूर्यमुखी तेल, पाम र भटमास तेलको निर्यात जोड्दा कुल निर्यातको करिब ४४ प्रतिशत हिस्सा ओगटेको छ। यसको हिस्सा बढ्नुको कारण पनि भारतले उक्त तेल आयातमा कर बढायो। अरू देशबाट नेपालमा कम मूल्यमा जान सम्भव भयो। यसैले भारतसँग नेपालको करको दर फरकले यहाँबाट तेल निर्यात भएको हो,’ उनले अन्नपूर्णसँग भने, ‘नेपालको उत्पादन, गुणस्तर बढेर निर्यात भएको स्थिती होइन। अरु देशबाट एकमुष्ट ट्यांकरमा तेल ल्याएर प्याकिङ गरेरमात्रै पठाउने काम भएको छ।’

आयातीत कच्चापदार्थलाई प्रशोधन तथा प्याकेजिङ लगायत गर्दा न्यूनतम २० प्रतिशत भ्यालु जोड्नुपर्छ भन्ने विषय कागजमा मात्र भएको यथार्थमा थोरै हुने गरेको उनको दाबी छ। झट्ट हेर्दा निर्यात आकार बढे पनि यो गति दीर्घकालसम्म नरहने भएकाले आन्तरिक उत्पादनलाई नै जोड दिनुपर्ने उनको भनाइ छ। यससँगै अन्य निर्यातमा सम्भावना भएका अलैंचीलगायतका कच्चा वस्तुहरू बाहिरिएको छ। तर त्यही वस्तुलाई प्रोसेसिङ, प्याकेजिङ गरेर प्रशोधितसहित पठाउन सके अझै धेरै आम्दानी हुने उनको भनाइ छ।

अर्कोतर्फ, तेलको कच्चा पदार्थमात्रै नभई मुलुकमा वार्षिक १० अर्ब रुपैयाँको स्याउ आयात गर्नु परेको छ। जबकि स्याउको उत्पादन हुम्ला, जुम्लामा अधिक छ। तर त्यसको बजारीकरण हुन नसक्दा विदेशबाट अर्बौंको स्याउ खरिद गर्नु दुर्भाग्यपूर्ण भएको व्यापारविज्ञ सैंजू बताउँछन्। यस्तै, चीनबाट ७ अर्ब रुपैयाँ हाराहारीको अदुवा आयात भएको छ। यो सबै नेपालमा खपत पनि भएको छैन। ती अदुवा भारतमा बिक्री भएको हुन सक्छ। तर यो तथ्यांकमा नदेखेकाले चोरी बाटोबाट गएको हो कि भन्ने उनले आशंका व्यक्त गरे।

यस्तै, नेपाल फ्रेड फरवार्डरस् एसोसिएसनका अध्यक्ष राजेन्द्र संग्रौला आयातमा पनि ठूलो हिस्सा ओगटेको पाम तेल नै फेरि प्रशोधन गरेर निर्यात गर्दा निर्यात बढेको बताउँछन्। तर यो निर्यात दिगो नभएको उनको तर्क छ। ‘पाम तेलले गर्दा मात्रै समग्र निर्यात बढेको हो। यो दीर्घकालीन व्यापार होइन। यसैले कच्चा पदार्थ ल्याएर निर्यात गर्ने काम मात्रै भएको छ। यसले व्यापार दिगो बनाउँदैन,’ उनले भने। मुलुकभित्र उत्पादनको प्रचुर सम्भाव्यता भए पनि वैदेशिक आयातमा निर्भर पर्नुपर्दा आर्थिक वर्ष २०८१/०८२ मा मात्रै कुल १८ खर्ब ४ अर्ब १२ करोड रुपैयाँको वस्तु खरिद गरिएको छ। वार्षिक आयात गत वर्षभन्दा १३.२५ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आवको असारसम्ममा १५ खर्ब ९२ अर्ब ९८ करोड ५५ लाख आयात भएको थियो।




- भटमास, पाम र सूर्यमुखीको कच्चा आयात गरेर निर्यात हिस्सा बढी,
- आन्तरिक उत्पादन नबढाए निर्यातको दिगोपनमा समस्या
- १८ खर्बको आयात, निर्यातमा २ खर्ब ७७ अर्ब
- वर्षमा १० अर्बको स्याउ र ७ अर्बको अदुवा आयात

» बाँकी पृष्ठ ६